# ग्रामथान गाउँपालिका
**Gramthan Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office Of Rural Municipal Executive**

पत्र संख्या : २०८२/०८३
Ref.No :2082/083
चलानी नं. : 2089

तेतरिया,मोरङ्ग
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal


मितिः२०८२/१२/०४

ने.सं. ११४६

वडा कार्यालयहरु सवै,

ग्रामथान गाउँपालिका,मोरङ

विषयः उपभोक्ता विवरण संकलन सम्बन्धमा ।

प्रस्तुत विषयमा ग्रामथान गाउँपालिकाले हरित जलवायु कोष र वैकल्पिक उर्जा प्रवर्धन केन्द्र को सहकार्यमा स्वच्छ चुलो कार्यक्रम कार्यन्वयन गर्ने गरी सम्झौता भई सकेको व्यहोरा जानकारी गराउँदछु । यस स्वच्छ चुलो कार्यक्रमको कार्य अवधि हाल ५ वर्षको रहने छ । यस कार्यक्रम अन्तर्गत ३ तपशिलमा उल्लेखित खाना पकाउने प्रविधि विद्युतिय चुलो, तह ३ को फलामे सुधारिएको चुलो र ४ घन मिटरको वायो ग्यास को प्रवर्धन गर्ने लक्ष रहेको छ । स्वच्छ चुलो कार्यक्रमको प्रवर्धन तथा उपभोक्ता सम्म अनुदान सहित सुपथ मूल्यमा उल्लेखित प्रविधिहरु पुर्याउनका लागि सम्बन्धित वडाहरुले उपभोक्ता विवरण संकलन गर्नु हुन र विवरण संकलन गर्दा देहायको वमोजिमका नियमहरु पालना गरी विवरण संकलन गर्नुहुन अनुरोध गरिन्छ ।

**सर्तहरु**

*१. विद्युतिय चुलोको हकमा सम्बन्धित उपभोक्ताहरुको घरमा १५ Amp को मिटर जडान भएको हुनु पर्नेछ ।*

*२. वायो ग्यास जडानको निमित्त १/२ वोटा गाई वस्तु हुनु पर्नेछ ।*

*३. उपभोक्ता विवरण संकलन गर्दा घरमुलि महिला, एकल महिला, दलित, जनजाती, अपाङ्गता र न्यून आय श्रोत भएकाहरुलाईल पहिलो प्राथमिक्ता दिनु पर्ने ।*

*४. उपभोक्ता विवरण संकलनको क्रममा एउटै घर परिवारमा २ वटा प्रविधि नपर्ने गरि माग संकलन गर्न अनुरोध छ ।*

*५. फर्म भर्ने आवश्यक कागजातहररुः नागरिकताको प्रतिलिपि थान- १, स्थायी वसोवास खुल्ने कागजको प्रतिलिपि, विजुलिको विल १ प्रति (विद्युतीय चुलोको हकमा मात्र) ।*

*६. फारम भर्ने मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।( अर्थात अन्तिम मिति चैत्र २० गते) ।*

**तपशिल**

**(प्रविधिको तह)**

| सि.नं | प्रणाली | जलवायु कोष | वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र | स्थानीय तह | उपभोक्ता |
|---|---|---|---|---|---|
| १. | विद्युतीय चुलो | १० % | ४७.९४% | १९.०९% | २२.९४% |
| २. | तह ३ को सुधारिएको चुलो | ४०% | ४०% | १५% | ५% |
| ३. | ४ घन. मि. को वायो ग्यास | २८.३४% | ४८% | १०% | १३.६६ % |

***नोटः उपभोक्ताले व्यहोर्नु पर्ने कूल रकम वैकल्पिक उर्जा प्रवर्धन केन्द्रको प्रविधि अनुरुप खुल्ने ठेक्का सम्झौता अनुसार प्रतिशतमा हुने छ ।***

केशव प्रसाद सिरौला
प्रमुख प्रशासकीय अधिकृत